# सिम्रौनगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८१/०८२
चलानी नं :- २०८५

मिति :- २०८१/०९/०६

### प्रेस विज्ञप्ति

हालसालै मिलन दैनिकमा प्रकाशित समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। उक्त समाचारमा यस सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूलाई लक्षित गरी निराधार, तथ्यहीन र भ्रामक जानकारी प्रस्तुत गरिएको पाइएको छ, जुन सम्पूर्णरूपमा भ्रामक र पूर्वाग्रही उद्देश्यले प्रेरित देखिन्छ। प्रमुख प्रशासकीय अधिकृतज्यूले आफ्नो कर्तव्यनिष्ठा, पारदर्शिता र उत्तरदायित्वका साथ सेवा पुऱ्याउँदै आएका छन्। यस्ता आधारहीन समाचारहरूले न केवल एक व्यक्तिको इज्जत र प्रतिष्ठामा आँच पुऱ्याउँछ, तर समग्र संस्थाको गरिमा र जनताको विश्वासमा पनि क्षति पुऱ्याउँछ। हामी मिलन दैनिकका पत्रकारद्वारा गरिएको यस्तो गैरजिम्मेवार कार्यको घोर भर्त्सना गर्दछौं र आगामी दिनमा यस्ता गतिविधि नगर्न कडाइका साथ चेतावनी दिन चाहन्छौं। सत्यतथ्यको मर्यादा राखी पत्रकार आचारसंहिता अनुरूप काम गर्न सम्वन्धित पक्षलाई आग्रह गर्दछौं।

यदि यस्ता भ्रामक र मनगढन्ते समाचारप्रति उचित क्षमायाचनासहित सच्याउने कार्य नभएमा हामी कानुनी बाटो अपनाउन बाध्य हुनेछौं।

०८१/०९/०६

.............................
हरिओम प्रसाद जयसवाल
प्रमुख प्रशासकीय अधिकृत
**हरिओम प्रसाद जयसवाल**
प्रमुख प्रशासकिय अधिकृत

.............................
किशोरी प्रसाद कलवार
नगर प्रमुख
**किशोरी प्रसाद कलवार**
नगर प्रमुख



Scanned with CamScanner